# केराबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

केराबारी, मोरङ
प्रदेश नं १, नेपाल

प.सं.०७९/०८०
च.नं. ६४६

मिति : २०७९।०८।२७

**विषय : पुनः एकीकरणका लागि वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको तथ्यांक संकलन सम्बन्धमा ।**

श्री वडा कार्यालय सबै,
केराबारी, मोरङ ।

प्रस्तुत विषयमा नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतको वैदेशिक रोजगार बोर्डको सचिवालयको च.नं. ३७४ मिति २०७९।०८।१७ को पत्रानुसार वैदेशिक रोजगारीमा गएका नेपाली श्रमिकले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको पूँजी, प्रविधि, ज्ञान र सीपको उपयोग गरी स्वदेशभित्रै रोजगारी र स्वरोजगारका अवसर सृजना गरी वैदेशिक रोजगारी माथिको परनिर्भरतालाई क्रमशः कम गर्दै लैजाने उद्देश्यले नेपाल सरकारको **"वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिका लागि पुनः एकीकरण कार्यक्रम(सञ्चालन तथा व्यवस्थापन निर्देशिका), २०७९"** मा भएको व्यवस्था बमोजिम स्थानीय तहसँगको सहकार्यमा स्थानीय तहको माग र आवश्यकता बमोजिम स्थानीय तहमार्फत नै पुनः एकीकरण कार्यक्रम सञ्चालन हुने भएकाले वैदेशिक रोजगारीबाट फर्केका र पुनः एकीकरण कार्यक्रममा सहभागी हुन चाहने व्यक्तिहरुले तपसिलमा बमोजिमको आवश्यक कागजात सहित २०७९ पौष मसान्तभित्रमा केराबारी गाउँपालिकाको रोजगार सेवा केन्द्र वा सम्बन्धित वडा कार्यालय मार्फत **"वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिका लागि पुनः एकीकरण कार्यक्रम(सञ्चालन तथा व्यवस्थापन निर्देशिका), २०७९"** को अनुसूची - ३ बमोजिमको ढाँचामा आवेदन दर्ता गराउनु हुन अनुरोध छ ।

<u>आवश्यक कागजात:</u>

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
२. राहदानीको प्रतिलिपि
३. अनुभव/सीपसँग सम्बन्धित कागजात तथा प्रमाणपत्रको प्रतिलिपि
४. श्रम स्वीकृतीको प्रतिलिपि

..............................
सुदर्शन दाहाल
प्रमुख प्रशासकीय अधिकृत

*नोटः थप जानकारीका लागि केराबारी गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहुन ।*

अनुसूची-३

(दफा १५ को उपदफा (१) सँग सम्बन्धित)

लाभग्राहीमा सूचीकृत हुनका लागि दिने निवेदनको ढाँचा

श्रीमान् रोजगार संयोजकज्यू,
रोजगार सेवा केन्द्र,
केराबारी गाउँपालिका, मोरङ ।

विषयः लाभग्राहीमा सूचीकृत गरी पाऊँ ।

उपर्युक्त सम्बन्धमा म ................................ वैदेशिक रोजगारीको क्रममा ................ देश गई.................. रोजगारीमा गई................ सीप/ज्ञान हासिल गरी नेपाल फर्की पुनः एकीकरण कार्यक्रममा सहभागी हुन इच्छुक भएकाले लाभग्राहीमा सूचीकृत हुनका लागि यो निवेदन पेश गरेको छु ।

१. निवेदकको :-
   (क) नाम थरः..........................................
   (ख) स्थायी ठेगानाः..................................
   (ग) अस्थायी ठेगानाः................................
   (घ) राहदानी नं.:....................................
   (ङ) नागरिकता नं.:...................................
   (च) श्रम स्वीकृती लिएको मितिः...........................
   (छ) काम गर्न गएको मितिः...............................
   (ज) रोजगारीको लागि गएको देश :................................
   (झ) सहजीकरण गर्ने वैदेशिक रोजगार व्यवसायीको नामः.......................
   (ञ) नेपाल फर्किएको मितिः............................
   (ट) रोजगारीको प्रकारः.............................
   (ठ) हासिल गरेको सीप/ज्ञानः............................
   (ड) करार अवधिः..........................
   (ढ) सहभागी हुन इच्छुक पुनः एकीकरण कार्यक्रमको प्रकार :..........................
   (ण) मनोसामाजिक परामर्श आवश्यक पर्ने/नपर्नेः...............................

२. बाबु/आमाको नामः..........................

३. पति/पत्नीको नामः.......................

४. संलग्न कागनातहरुः.....................

माथि पेश गरेको विवरण ठीक साँचो छ । फरक पर्न गएमा कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकः
हस्ताक्षरः
नाम थरः
वडा नं.

| दाँया | बायाँ |
|---|---|
| | |

निवेदन दिएको मितिः
सम्पर्क नं.